# प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# २०८३

# वार्षिक प्रतिवेदन




## नेपाल पत्रकार महासंघ
## केन्द्रीय समिति

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

**२०८२ बैशाख २१ देखि २०८३ बैशाख १७ गतेसम्म**


**संयोजन**

निर्मला शर्मा, रामप्रसाद दाहाल ,रामकृष्ण अधिकारी

**लेखन/लेआउट**

खगेन्द्र फुयाल



नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

२०८३

© सर्वाधिकार

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, काठमाडौं, नेपाल

फोन नं : ९७७ - ०१५९१४७८५, ५९१४७२३

इमेल : fnjnepalcentral@gmail.com

वेबसाइट : www.fnjnepal.org

आवरण तस्विर :

नेपाल पत्रकार महासंघले श्रम समस्या समाधानको माग राखी नेपाल रिपब्लिक मिडिया लिमेटडद्वारा प्रकाशित नागरिक दैनिकमा गरेको धर्ना र २०८२ भदौ २४ को हिंसात्मक आन्दोलन पछि संविधानको बचाउमा गरिएको दीप प्रज्वलन कार्यक्रम ।

नोट : यो प्रतिवेदनमा प्रकाशित सामग्री वा कुनै अंश स्रोत खुलाएर प्रयोग वा पुन:प्रयोग गर्न सकिने छ ।

## विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३, २०२६) को अवसरमा

## नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माको
## शुभकामना सन्देश

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा म नेपालका सम्पूर्ण श्रमजीवी पत्रकार, व्यावसायिक सञ्चारगृहहरू तथा विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधर जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु । आजको दिनले हामीलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र श्रमजीवी पत्रकारको हितमा अविचलित रूपमा लड्न प्रेरणा दिनेछ । आगामी दिनमा पनि नागरिकको बोल्न पाउने अधिकारका पक्षमा महासंघ अनवरत रूपमा सक्रिय रहने प्रतिवद्धता पुनः व्यक्त गर्दछु । इतिहासदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यका कुनै अंग, तह वा अरू कुनै संगठित र असंगठित क्षेत्रबाट संकुचन वा नियन्त्रण गर्ने प्रयास भएमा हामीले सशक्त प्रतिवाद गर्दै आएका छौं । अब पनि त्यस्तो प्रतिवाद गर्नुपर्ने अवस्था आइलाग्छ भन्नेमा महासंघ स्पष्ट छ । लोकतान्त्रिक संविधान लागू भएको दशक बितिसक्दा पनि मुलुकमा प्रेस स्वतन्त्रता हननका घटनाहरू बढ्दो क्रममा रहेको देखिनु हाम्रा लागि गम्भीर चिन्ताको विषय हो ।

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रमको सुरुवात सन् १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारबाट भएको हो । उक्त सेमिनारले 'विन्डहोक घोषणापत्र' जारी गरेको थियो । यही घोषणापत्रको स्मरण गर्दै सन् १९९३ मा संयुक्त राष्ट्रसंघको महासभाले युनेस्कोको सिफारिसमा मे ३ लाई 'विश्व प्रेस स्वतन्त्रता दिवस' का रूपमा मनाउने निर्णय गरेको हो । त्यसयता, हरेक वर्ष मे ३ का दिन प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यले यो दिवस विश्वभर मनाउने गरिन्छ ।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवर्द्धन' रहेको छ । युनेस्कोले यस वर्षको कार्यक्रम जाम्बियाको लुसाकामा मे ४ र ५ का दिन विभिन्न कार्यक्रम गरी मनाउदै छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले ४ मे देखि ७ मे सम्म पेरिसमा हुने महाधिवेशनमा विश्वका पत्रकारहरु सहभागी हुने सम्मेलनमा यो दिवस मनाउदै छ ।

महासंघले पनि लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षाको क्षेत्रमा सक्रिय विभिन्न पेशागत संगठनको सहभागितामा माइतीघर मण्डलाबाट र्‍याली आयोजना गर्दैछ । पछिल्लो समय सरकारले गरेको सरकारी विज्ञापनमा विभेदपूर्ण व्यवहार, लोककल्याणकारी विज्ञापनको संकुचन र अभिव्यक्ति स्वतन्त्रता माथिकै अंकुशका प्रक्रियाहरू हुन भन्ने महासंघको बुझाइ छ ।

महासंघ सञ्चार अनुगमन इकाईले मे ४ सन् २०२५ देखि ३० अप्रिल २०२६ सम्म संकलन गरेको विवरणमा यो वर्ष १ सय ३१ वटा प्रेस स्वतन्त्रता हननका घटना भएका छन् । गत वर्ष ७३ वटा यस्ता घटना भएका थिए । योभन्दा अघिल्लो वर्ष ६२ वटा थिए । तुलनात्मक विश्लेषण गर्दा यो वर्ष प्रेस स्वतन्त्रता हननका घटना बढिरहेको तथ्याङ्कहरूले देखाउछन् ।

पछिल्लो एक वर्षका १ सय १३१ वटा प्रेस स्वतन्त्रतता हननका घटनामा पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका ५१ वटा घटना छन् । त्यसैगरी पत्रकार तथा सञ्चार सामग्रीमाथिको आक्रमणका ३० वटा घटना छन् । पेशागत असुरक्षा १८ र कब्जा तथा अवरोधका २६ वटा घटना रहेका छन् । नीतिगत बन्देज ३ वटा, पत्रकार पक्राउ २ जना र १ जना पत्रकारको शंकास्पद मृत्यु भएको अभिलेखबाट देखिन्छ ।

२०८२ भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा २६ वटा प्रेस स्वतन्त्रता हननका घटना हुँदा एकसय भन्दा धेरै पत्रकार तथा सञ्चारगृह प्रत्यक्ष प्रभावित भएका थिए । २३ गतेको आन्दोलन र २४ गतेको हिंसात्मक घटनामा सञ्चारगृहमा आगजनी, लुटपाट र तोडफोड भएको थियो ।

उक्त घटनामा संस्थागततर्फ करिव ६० करोड रुपैयाँ बराबरको क्षति भएको छ भने पत्रकार तथा सञ्चार उद्यमीको निजी सम्पत्तितर्फ करिव १८ करोड रुपैयाँ बराबरको क्षति भएको छ । पाँच जना पत्रकार गोली लागेर घाइते भएका थिए ।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर पब्लिकेशन, अन्नपूर्ण पोस्ट, थाहा खबर, बुटवलस्थित रेडियो जागरण, इलाममा नेपालवाणी एफएम र इलाम एक्सप्रेस, चितवनका विभिन्न सञ्चारगृह, सप्तरीमा महासंघ शाखा कार्यालयसहितका सञ्चारगृहमा आगजनी, तोडफोड तथा लुटपाट गरिएको थियो ।

नीतिगत रूपमा गएको वर्ष पनि प्रेस स्वतन्त्रता संकुचन गर्ने प्रयास भएको छ । महासंघको विरोधका बाबजुद संघीय संसद्मा मिडिया काउन्सिल विधेयक, सामाजिक सञ्जाल सञ्चालन तथा नियमन विधेयक, सूचना प्रविधि ऐनलगायत विभिन्न सञ्चारसम्बन्धी विधेयकहरू समितिहरूमा छलफलमा थिए ।

तर, अकस्मात भएको जेनजी विद्रोह र त्यसपछिको राजनीतिक परिवर्तनले संघीय संसद् नै विघटन भयो । त्यसपछि बनेको अन्तरिम सरकारले ल्याएको छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावलीका कतिपय प्रावधान प्रेस स्वतन्त्रतामा असर पार्ने खालका देखिएका छन् ।

समग्रमा यो वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका घटना वृद्धि हुनुका साथै कानुन र नीतिगत सुधारमा निष्क्रियता देखियो । पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिम जस्ता कारणले प्रेस स्वतन्त्रता झनै चुनौतीपूर्ण बन्दै गएको महासंघको ठहर छ ।

अतः सञ्चार क्षेत्रको आर्थिक संकट समाधान, पत्रकार पलायन, निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन तथा सूचनामा लगाइएको रोक, सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचनाको प्रतिरक्षा गर्नु महासंघका साम‍ु चुनौती छन् । २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । तर, यो सरकारले पनि संविधानमा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, जनताको मौलिक हकको प्रत्याभूति र लोकतान्त्रिक संस्कृतिको सरक्षण गर्छ भन्नेमा महासंघ सशंकित छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा महासंघ सम्पूर्ण सञ्चाकर्मी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूमा पुन एक पटक शुभकामना व्यक्त गर्दछ । तसर्थ प्रेस स्वतन्त्रता पेचिलो बन्दै गएको अहिलेको अवस्थमा मुलुकका विभिन्न पेसागत संगठन र नागरिक अगुवाहरूसँग अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि महासंघ ऐक्यवद्धताको अपेक्षा गर्दछ ।

**निर्मला शर्मा**
**अध्यक्ष**
**नेपाल पत्रकार महासंघ**

*विश्व प्रेस स्वतन्त्रता दिवस २०२६*

नेपालमा सन् २०२५ मे ४ देखि २०२६ अप्रिल ३० सम्म

प्रेस स्वतन्त्रताको अवस्था

# वार्षिक प्रतिवेदन

## २०८२ बैशाख २१ देखि २०८३ वैशाख १७ गतेसम्म प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरुको विश्लेषण

नेपाली पत्रकारिता क्षेत्र यतिबेला संकटका बिच गुज्रीरहेको छ । कोभिड १८ महामारी पछि सुरुभएको आर्थिक मन्दी, लामो राजनीतिक अस्थिरता र पछिल्लो परिवर्तनका लागि भएको विद्रोहको मारमा नेपाली प्रेस आफ्नै अस्तित्वको लागि संघर्षरत छ ।

सरकारले  गत भदौ १९ गते फेसबुक सहित छब्बिसवटा सामाजिक सञ्जाल बन्द गर्ने निर्णयका विरुद्ध भएको नवयुवा आन्दोलनका क्रममा नेपाली सञ्चार क्षेत्रले ठुलो मुल्य चुकाउनुपर्यो ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन तथा नविकरण सम्बन्धमा भएको पछिल्लो संशोधनले प्रेस स्वतन्त्रतालाई संकुचनमा पारेको छ । विगतमा निशुल्क दर्ता तथा नविकरण हुदै आएको अनलाइन सञ्चारमाध्मलाई शुल्क लाग्ने व्यवस्था गरिएको छ ।

पछिल्लो समय सरकारले निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन तथा सुचना नदिने निर्णयले साना लगानीको स्वरोजगार मिडिया प्रत्यक्ष मारमा परेका छन् । समाचार प्रकाशन भएको विषयलाई लिएर पत्रकारमाथि धम्की तथा दुर्व्यवहारका श्रृंखलावद्ध घटना जारी रहेका छन् । संगठित रुपमा सामाजिक सञ्जालमार्फत पत्रकार तथा सञ्चारमाध्यमलाई धम्की तथा दुर्व्यवहार गर्ने जस्ता घटनाहरु बढ्न थालेका छन् । आजको आधुनिक समयमा सञ्चारमाध्यमका साम्रगीमाथि असहमति भए उजुरी गर्ने निकाय हुदाँ हुदै पत्रकार तथा सञ्चारमाध्यम विरुद्ध उत्रिनु अत्यन्तै दुःख हो ।

नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा अभिलेख भए अनुसार मे ४ सन् २०२५ देखि ३० अप्रिल २०२६ सम्मा प्रेस स्वतन्त्रता हननका १ सय ३१ वटन घटना अभिलेख भएका छन् । यहि अवधिमा गत वर्ष प्रेस स्वतन्त्रता हननका ७३ वटा घटना अभिलेख भएका थिए भने २०२३ र २०२४ को यो अवधिमा ६२ वटना घटना अभिलेख भएका थिए । तुलनात्मक रुपमा हेर्दा पछिला वर्षहरुमा प्रेस स्वतन्त्रता हननका घटना बढिरहेको छ ।

१ सय ३१ वटा घटनामा ५१ वटा घटना दुर्व्यवहार तथा धम्कीको रहेको छ । त्यस्तै पत्रकार तथा समाग्रीमाथिको आक्रमणका ३० वटा रहेका छन् । पेशागत असुरक्षा १८ र कब्जा तथा  अवरोधका २६ वटा घटना रहेका छन् । नीतिगत बन्देज ३ वटा, पत्रकार अल्पकालिन गिरफ्तारका २ र १ जना पत्रकारको संकास्पद मृत्यु भएको छ । जनआस्था साप्ताहिमा आवद्ध नवलपरासी (वर्दघाट-सुस्ता) जिल्लाको गैडाकोट-५ निवासी गोर्खालीको २०८२ मंसिर २० गते चितवनमा निधन भएको थियो । मृत्युपछि गरिएको अनुसन्धानका क्रममा उनको मृत्यु संकास्पद रहेको देखिएको छ । भदौ २३ गते भएको जेनजी आन्दोलनका क्रममा २६ वटा प्रेस स्वतन्त्रता हननका घटना हुँदा एकसय भन्दा धेरै पत्रकार तथा सञ्चारगृह प्रत्यक्ष


प्रभावित भए । जेनजी आन्दोलन र २४ गतेको हिंसात्मक घटनामा सञ्चारगृहमा आगजनी, लुटपाट र तोडफोड भयो । उक्त घटनाबाट संस्थागततर्फ करिव ६० करोड रुपैयाँ बराबरको क्षति भएको छ भने पत्रकार तथा सञ्चार उद्यमीको निजी सम्पत्तितर्फ १८ करोड रुपैयाँ बराबरको क्षति भएको छ ।

पाँच जना पत्रकार गोली लागेर घाइते भए । सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर पब्लिकेशन, अन्नपूर्ण पोस्ट, थाहा खबर, बुटवलस्थित रेडियो जागरण, इलाममा नेपालवाणी एफएम र इलाम एक्सप्रेस, चितवनमा विभिन्न सञ्चारगृह, सप्तरीमा महासंघ शाखा कार्यालयसहितका सञ्चारगृहमा आगजनी तथा लुटपाट गरियो ।

१. घटना प्रकृतिका आधारमा प्रेस स्वतन्त्रता हननका घटना ।

| **घटना प्रकृति** | **घटना संख्या** |
|---|---|
| हत्या | १ |
| बेपत्ता | - |
| गिरफ्तारी | २ |
| कब्जा/अवरोध | २६ |
| आक्रमण | ३० |
| दुर्व्यवहार/धम्की | ५१ |
| विस्थापन | - |
| पेशागत असुरक्षा | १८ |
| लैङ्गिक हिंसा | - |
| नीतिगत बन्देज | ३ |
| **जम्मा घटना** | **१३१** |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई । २०८३ वैशाख १७*




घटना प्रकृतिका आधारमा प्रेस स्वतन्त्रता हननका घटना

२. नेपाल पत्रकार महासंघले प्रदेशका आधारमा अभिलेख गरेको प्रेस स्वतन्त्रता हननका घटना निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| घटना प्रकृति | कोशी प्रदेश | मधेस प्रदेश | बामती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कार्णाली प्रदेश | सुदुपश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **हत्या** | | | १ | | | | | | १ |
| **बेपत्ता** | | | | | | | | | - |
| **गिरफ्तारी** | | | २ | | | | | | २ |
| **कब्जा/अवरोध** | | १ | १९ | १ | २ | १ | २ | | २६ |
| **आक्रमण** | ४ | ११ | ११ | १ | | १ | २ | | ३० |
| **दुर्व्यवहार /धम्की** | ७ | १५ | १५ | ३ | ४ | | ७ | | ५१ |
| **पेशागत असुरक्षा** | २ | १ | १५ | | | | | | १८ |
| **लैङ्गिक हिंसा** | | | | | | | | | - |
| **नीतिगत बन्देज** | | | ३ | | | | | | ३ |
| जम्मा घटना | १३ | २८ | ६६ | ५ | ६ | २ | ११ | | **१३१** |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई । २०८३ वैशाख १७*




**प्रदेश अनुसार प्रेस स्वतन्त्रता हननका घटना**

# अनुसूची

## १. दुर्व्यवहार/धम्की :

- २०८३ वैशाख १५ गते मोरडको ग्रामथान गाउँपालिका-४ स्थित लोहन्द्रा खोलामा भइरहेको उत्खनन कार्यको समाचार संकलनमा गएका पत्रकार डुमरलाल मेहता, मोहन ढकाल, सन्तोष मेहता, नगेन्द्र खड्का, प्रवेश तिम्सिना, ब्रम्हदेव महतो र दीपेन्द्रकुमार साहलाई पुनः आए ज्यान मार्ने धम्की दिएका थिए। उक्त गाउँपालिकाका अध्यक्ष नमोनारायण माझीलेसमेत पत्रकारलाई धम्क्याएको महासंघ मोरङ शाखाले जनाएको छ।
- २०८३ बैशाख १२ गते महोत्तरीको बर्दिबासस्थित बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोज प्रसाद फुयाल (शंकर)ले पत्रकार अजयकुमार साहलाई दुर्व्यवहार गरेका छन्। समाचार प्रकाशन भएको विषयलाई लिएर रातोपाटीका संवाददाता, खबर दर्पण दैनिक तथा शिरीष न्युज डटकमका प्रकाशक/सम्पादक साहमाथि फुयालले गालीगलौज, गर्नुका साथै धम्की तथा दुर्व्यवहार गरिएको महासंघ धनुषा शाखाले जनाएको छ।
- २०८२ चैत ३० गते पत्रकार चेतन वली र माधव दाहालको फोटो दाङको तुलसीपुरस्थित सजना मिष्ठान भण्डारको शौचालयमा राखेर दुर्व्यवहार गरिएको छ। उक्त भण्डारको खाद्य सुरक्षाबारे तुलसीपुर डटकममा समाचार प्रकाशित भएपछि पत्रकारलाई यस्तो अपमानित र बदनाम गरिएको महासंघ लुम्बिनी प्रदेश समितिले जनाएको छ।
- २०८२ चैत १६ गते पत्रकार सञ्जय मिश्रलाई सामाजिक सञ्जाल फेसबुकमा असभ्य भाषाले गालीगलौज गरिएको छ। आम जनता पार्टीका सचिवालय सदस्यको राजीनामाको विषयमा लेखिएको समाचारलाई लिएर I support prabhu नामक आइडीबाट यस्तो हर्कत भएको महासंघ रौतहट शाखाले जनाएको छ। समाचारमा चित्त नबुझे प्रचलित बिधिअनुसार समाधान नखोजी व्यक्तिको सामाजिक प्रतिष्ठामा मानमर्दन गरि पत्रकारलाई दुर्व्यवहार गरिएको थियो।
- २०८२ चैत १४ तत्कालीन प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरेको विरोधमा भएको प्रदर्शनको समाचार संकलनमा खटिएका कान्तिपुरका पत्रकार दया दुदराज, अनलाइनखबरका कौसल काफ्ले र प्रसुन संग्रौलालाई फोटो खिच्न खोज्दा गाली गर्दै दुर्व्यवहार गरेको छ। महासंघलाई प्राप्त जनकारी अनुसार एमाले बैठकको समाचार संकलनमा पुगेका सञ्चारकर्मीहरूलाई एमाले कार्यकर्ताले दुर्व्यवहार गरी पार्टी कार्यालय परिसरबाट लखेटेका थिए।
- २०८२ चैत १२ गते भदौ २३ र २४ गते भएको घटनाको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले क्षेत्राधिकार नाघेर पत्रकारिताका सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरेका कतिपय प्रावधान प्रेस स्वतन्त्रता विरोधी रहेको महासंघको ठहर छ। पत्रकार र सञ्चारमाध्यमका सम्बन्धमा प्रतिवेदनमा स्वतन्त्र प्रेसको मर्मविपरीत हचुवाका भरमा उल्लेख गरिएका कतिपय प्रावधान आपत्तिजनक रहेको महासंघको ठहर छ। पत्रकार हुन कम्तीमा स्नातक हुनुपर्ने, १५ वर्षसम्म संवाददाता, स्तम्भकार, अन्तर्वार्ताकार, सहायक सम्पादक भई काम गरेको हुनुपर्ने जस्ता हास्यास्पद सुझाव दिने चेष्टा गर्नु लोकतन्त्रले प्रत्याभूत गर्ने स्वतन्त्र पत्रकारिताको मूल्य, मान्यता र मर्मविपरीत रहेको छ।
- २०८२ फागुन १९ गते समाचार लेखेकै आधारमा पत्रकार राजु सुवेदीलाई भौतिक आक्रमणसम्मको धम्की दिइएको छ। भारतीय नागरिकता बोकेको व्यक्तिलाई नेपाली नागरिकता वितरणबारेको समाचारको निहुँमा सुवेदीलाई सामाजिक सञ्जाल र फोनबाट धम्की आएको महासंघ काठमाडौं शाखाले जनाएको छ।

- २०८२ फागुन ८ गते सडक निर्माणसम्बन्धी समाचार संकलन गर्न विराटनगर-१३ पुग्दा रणभूमि अनलाइनका कार्यकारी सम्पादक पवनकुमार शाहलाई स्थानीय जितेन्द्रबहादुर खड्काले दुर्व्यवहार गरेको महासंघ मोरङ शाखाले जनाएको छ ।
- २०८२ माघ २९ गते प्रश्न गर्दा पत्रकार सचित राईलाई इलाम माङसेबुङका विनोद साम्बाले भौतिक आक्रमणको धम्की दिएका छन । इलाम क्षेत्र नम्बर २ का एक उम्मेदवारले तत्कालीन प्रतिनिधिसभा सदस्य बहाल रहँदा दमक-चिसोपानी सडक निर्माणका विषयमा 'सात दिनभित्र ठेक्का लगाउने' भनी दिएको अभिव्यक्ति सेयर गर्दै प्रश्न सोधेको निहुँमा पत्रकार राईलाई साम्बाले ज्यान लिनेसम्मको धम्की दिएको महासंघ प्रतिष्ठान प्रदेश समितिले जनाएको छ ।
- २०८२ माघ २६ गते समाचारप्रति असहमति राखी केही व्यक्तिले पत्रकार शिवप्रसाद ढुंगानालाई धम्की दिएका छ । नेपाल कम्युनिष्ट पार्टीका नेता ज्ञानबहादुर खड्का (जीबी) सँग सम्बन्धित समाचार र भिडियो लिंक फेसबुकमा पोष्ट गरेका कारण पटकपटक टेलिफोन मार्फत धम्की आएको जानकारी ढुंगानाले गराएको महासंघ ओखलढुंगा शाखाले जनाएको छ ।
- २०८२ माघ १९ गते प्रकाशित/प्रसारित समाचारको विषयलाई लिएर सिन्धुपाल्चोक जिल्लाका केही सञ्चारमाध्यमलाई लाञ्छित गर्दै एक समुहले धम्की दिएएको छ । सार्वजनिक निकायमा हुने दुर्व्यवहार, हिंसा र अनियमितताका विषयमा प्रकाशित भएका समाचार सामग्रीलाई लिएर सिन्धुपाल्चोकका पत्रकार र सञ्चारमाध्यमलाई विभिन्न लाञ्छना लगाउँदै भिडियो सामग्रीमार्फत कारबाहीको ठाडो धम्की दिएको महासंघ सिन्धुपाल्चोक शाखाले जनाएको छ ।
- २०८२ पुस २३ गते सञ्चारकर्ममा जुटिरहेको अवस्थामा एसटीएस टेलिभिजनका पत्रकार उषाकिरण ज्योति र लक्ष्मण ढुङ्गाललाई ट्राफिक प्रहरी हवल्दार डेबिङ श्रेष्ठले दुर्व्यवहार गरेका छन । धनगढीको शहीद गेटस्थित ६ लेन सडकमा तीन जना सवार मोटरसाइकललाई चेकजाँच गरिरहेको भिडियो खिचेको भन्दै श्रेष्ठले ढुंङ्गालको मोवाइल नियन्त्रणमा लिएर फोटो मेटाउन खोज्दै दुर्व्यवहार गरेको महासंघ कैलाली शाखाले जनाएको छ ।
- २०८२ पुस १ गते पत्रकार हरिसुन्दर छुकालाई भक्तपुरमा अपरिचित व्यक्तिले दुर्व्यवहार गर्दै धम्की दिएका छन । भक्तपुरको ताथली नाला सडकको तोख्याचा खण्ड हुँदै सौडोलस्थित घर फर्कदै गर्दा मोटरसाइकलमा आएका दुई जना व्यक्तिले शाखा सहसचिव छुकालाई अश्लील शब्द प्रयोग गर्दै धम्क्याएको भक्तपुर शाखाले जनाएको छ ।
- २०८२ मंसिर २९ गते नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य छविलाल तिवारीलाई नेपाली कांग्रेस पर्वतका जिल्ला सभापति युवराज जोशीले फोनमार्फत भौतिक आक्रमण गर्ने धम्की दिएको छ। सारथी न्यूज अनलाइनमा २०८२ मंसिर २३ गते 'कांग्रेसमा गरिव निमुखा अवसरबाट वञ्चित' शीर्षकमा प्रकाशित समाचारलाई लिएर धम्की दिइएको जानकारी तिवारीले महासंघलाई गराउनुभयो ।
- २०८२ मंसिर २७ गते कैलालीको धनगढीमा आयोजित सुदूरपश्चिम महोत्सवको समाचार संकलन गरिरहेको बेला पत्रकार रमा चन्दमाथि भएको दुर्व्यवहार भएको छ । यही मंसिर २७ गते शनिबार दुई जना अपरिचत युवाले नयाँ सन्देश अनलाइनका सम्पादक चन्दलाई गलत नियतले पछाडिबाट धकेलेको महासंघ कैलाली शाखाले जनाएको छ ।
- २०८२ मंसिर १२ गते मिथिला रत्न दैनिकका सम्पादक शिव दयाल यादवलाई सिरहास्थित महालक्ष्मी ज्वेलर्सका सञ्चालक राजु साहले गालीगलौजसहित भौतिक आक्रमणको धम्की दिएको छ । पत्रिकाको फेसबुक पेजमा उक्त ज्वेलर्सका बारेमा पोष्ट भएको भिडियोलाई लिएर सोही दिन राति यादवलाई धम्की आएको महासंघ सिरहा शाखाले जनाएको छ ।
- २०८२ मंसिर ३ गते प्रकाशित समाचार चित्त नबुझेको भन्दै ईपरीज्यूज डटकमका पत्रकार दिलीप पर्तेललाई हातपात र दुर्व्यवहार गरिएको छ । उक्त अनलाइनमा २०८२ जेठ २९ गते 'कार्यालय समयमा मोटरसाइकल सिक्दै स्वास्थ्यकर्मी' शीर्षकमा समाचार प्रकाशित भएको थियो । सोही जैमिनी नगरपालिका-३ दमेकस्थित नेपाने

सहरी स्वास्थ्य केन्द्रका प्रमुख भीम पुनले वडा कार्यालयमा पत्रकार पर्तेलमाथि यस्तो हर्कत गरेको महासंघको बाग्लुङ शाखाले जनाएको छ ।

- २०८२ कार्तिक २६ गते समाचारकै आधारमा पत्रकार लक्ष्मण विसी र मंगेश दयाललाई अश्लील गालीगलौज गर्दै भौतिक आक्रमणको धम्की दिइएको छ । बैतडस्थित आमचौर स्वास्थ्य चौकीका सिनियर अहेव भानबहादुर चन्दबाट फोनमार्फत पटकपटक शाखा उपाध्यक्ष विसी र सहसचिव दयालमाथि धम्की दिएको महासंघ बैतडी शाखाले जनाएको छ ।
- २०८२ कार्तिक १२ गते नेपाल प्रेस डटकमका पत्रकार केशव भुललाई ज्यान मार्ने धम्की दिएको छ । 'विप्लवको राजनीतिक यात्रा : क्रान्तिको भ्रम जाल, विभाजनको दुश्चक्र र असफलताको विरासत' शीर्षकमा विश्लेषणात्मक लेख तथा समाचार लेखेको भन्दै भुललाई नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका कार्यकर्ताबाट सामाजिक सञ्जालमार्फत त्रसित बनाउने र ज्यानमार्नेसम्मको धम्की दिइएको महासंघ ललितपुर शाखाले जनाएको छ ।
- २०८२ असोज २७ गते पेसागत धर्म निर्वाह गर्दा पत्रकार मनोजकुमार माझी र अनिश शेखलाई सप्तरीमा दुर्व्यवहार गरिएको छ । महासंघ सप्तरी शाखाका अनुसार जग्गाको बारेमा अदालतको फैसला कार्यान्वयनमा प्रहरीको प्रयासका सम्बन्धमा समाचार संकलन गरिरहेका पत्रकार माझीलाई स्थानीय व्यक्तिहरुले दुर्व्यवहार र हातपात गर्नुका साथै तलब नपाएको विषयमा कंचनरुप नगरपालिकाका जनप्रतिनिधि र शिक्षकहरुविच भएको वार्ताको समाचार संकलन गरिरहेका बेला पत्रकार शेखलाई नगरप्रमुख ललनप्रसाद गुप्ता स्वयमले दुर्व्यवहार गर्नुका गर्दै नगर प्रहरी लगाएर फोटो तथा भिडियो डिलिट गराउन लगाएका थिए ।
- २०८२ असोज २२ गते पत्रकार पर्वतराज घिमिरेलाई काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह जोडिएको समाचारलाई लिएर उनका भिनाजु सुवास शाह भन्ने व्यक्तिले अपशब्द बोल्दै ज्यान मार्ने धम्की दिएको महासंघ काठमाडौं शाखाले जनाएको छ ।
- २०८२ असोज २२ गते समाचारको विषयलाई लिएर कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक नजरराम महर्जनलाई एक समुहले दुर्व्यवहार गर्नुका साथै ज्यान लिने धम्की दिएको महासंघ काठमाडौं शाखाले जनाएको छ ।
- २०८२ असोज ५ गते पत्रकार गोविन्द शर्मालाई बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले दुर्व्यवहार गरेका छन् । जोशीले महासंघ लुम्बिनी प्रदेश समिति सचिव शर्मालाई फोटो खिच्न समेत अवरोध सिर्जना गरेको महासंघ बाँके शाखाले जनाएको छ ।
- २०८२ असोज ४ गते पत्रकार टेकमान शाक्यलाई नेकपा एमालेका नेता महेश बस्नेत स्वयम् र उहाँका सहयोगी व्यक्तिले आतङ्कित पार्ने र त्रसित बनाउने गरी धम्की दिएको छ । समाचारको विषयलाई लिएर नेप्लिज टाइम्स डटकमका सम्पादक शाक्यलाई बारम्बार धम्की आएको महासंघ प्रतिष्ठान प्रदेश समितिले जनाएको छ ।
- २०८२ भदौ २० गते पत्रकार केशब खड्कालाई चलचित्र निर्माता रोहित अधिकारी सहितको समुहले धम्की दिएको महासंघको एसोसियट संस्था चलचित्र पत्रकार संघले जनाएको छ ।
- २०८२ भदौ ९ गते समाचारप्रति असहमति जनाउदै धादिङ सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडाले नगर प्रहरीको समुहसहित धादिङ न्युज डटकमका प्रधान सम्पादक केशव अधिकारी र बागमती कलम डटकमका प्रधान सम्पादक अनिल कुमार नेपालीलाई धम्की दिएका छन् ।
- २०८२ भदौ ६ गते प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने प्रावधान समेटेर ल्याइएको आमसञ्चार विधेयकको विरोधमा नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिले प्रदेश सभा भवन अगाडि गरिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दै पत्रकारमाथि दुर्व्यवहार गरेको छ ।
- २०८२ साउन ३१ गते समाचार चित्त नबुझेको भन्दै आर्थिक न्युज डटकमका प्रबन्ध सम्पादक इन्द्र बानियाँलाई राष्ट्रिय ट्रमा सेन्टरमा कार्यरत एक कर्मचारीले ज्यान मार्ने धम्की दिएको छ । उक्त अनलाइनले आर्थिक लेनदेनका आधारमा सेन्टरले कर्मचारी भर्ना गरेको भनी समाचार प्रकाशन गरेको थियो । सोही विषयलाई लिएर

बानियाँलाई महिला कर्मचारीले हात खुट्टा भाँचेर मारिदिने धम्की दिएको महासंघ काठमाडौं शाखाले जनाएको छ ।

- २०८२ साउन २९ गते राष्ट्रिय स्वतन्त्र पार्टीका नेता पार्थिवेन्द्र उपाध्यायले सिंगो प्रेस जगतलाई लाञ्छना लगाउने गरी दिएको अभिव्यक्ति दिएका छन् । रुपन्देहीमा हुने उपनिर्वाचनका सन्दर्भमा आयोजित कार्यक्रममा उपाध्यायले केही दिन अघि पत्रकार तथा सिंगो पत्रकारिता क्षेत्रलाई बदनाम गराउने गरी तथ्यहीन अभिव्यक्ति दिएको महासंघ लुम्बिनी प्रदेश समितिले जनाएको छ ।

- २०८२ साउन १५ गते समाचारको विषयलाई लिएर पत्रकार हरिप्रसाद जोशीलाई दार्चुलाको नौगाड गाउँपालिकाका कर्मचारीहरूले विभिन्न आरोप लगाइ धम्की दिएका छन । २०८२ साउन १५ गते उक्त गाउँपालिकाले सञ्चालन गरेको सार्वजनिक सुनुवाई कार्यक्रमको आधारमा जोशी कार्यरत गतिशील अनलाइनमा समाचार प्रकाशित भएपछि धम्की आएको महासंघको दार्चुला शाखाले जनाएको छ ।
- २०८२ साउन १७ गते उदयपुरस्थित कान्तिपुर संवाददाता राकेस नेपालीलाई समाचार संकलनका क्रममा अवरोध पुऱ्याई दुर्व्यवहार गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम त्रियुगा नगर अधिवेशनको समाचार संकलन गर्न पुगेका बेला उक्त पार्टीकी नेतृ सरिन तामाङले नेपालीले बोकेको क्यामेरा खोसेर फोटो खिच्न अवरोध गर्दै दुर्व्यवहार गरेको महासंघ उदयपुर शाखाले जनाएको छ ।
- २०८२ साउन ६ गते बाराको सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादवले सामाजिक सञ्जालबाट पत्रकारलाई धम्कीपूर्ण अभिव्यत्ति दिएका छन् । आफ्नो विषयमा समाचार प्रकाशन भएपछि यादवले पत्रकारलाई बदनाम र अपमानित गराउने खालका धारणा व्यक्त गरेको महासंघ बारा शाखाले जनाएको छ ।
- २०८२ साउन १ गते प्रदेश राष्ट्रिय दैनिकका सम्पादक रामकुमार यादवलाई निर्माण व्यवसायी लालविहारी यादवसहितका व्यक्तिले फोनबाट गालीगलौज गर्दै धम्क्याएका छन् । सम्पादक यादवलाई सिरहाको विष्णुपुर गाउँपालिका कार्यालयबाट चेक वितरण भएको विषयमा समाचार लेखेको भन्दै व्यवसायी यादवसहित स्थानीय सन्तोष यादव, पवन यादवले ज्यान मार्ने धम्की दिएको महासंघको मधेस प्रदेश समितिले जनाएको छ ।
- २०८२ असार २७ गते महोत्तरीस्थित पूर्वाधार विकास कार्यालय जलेश्वरको बारेमा प्रसारित समाचारलाई लिएर पत्रकारलाई जोडेर सामाजिक सञ्जालमा नकारात्मक टीकाटिप्पणी गरिएको छ । समाचार र सूचना प्रवाहको संविधानप्रदत्त अधिकार उपभोग गर्दा पत्रकारको व्यावसायिक निष्ठा र धर्ममाथि कुनै पनि किसिमले प्रहार हुनु निन्दनीयमात्र होइन प्रेस स्वतन्त्रतामाथिको ज्यादती हुने महासंघको ठहर छ ।
- २०८२ असार २३ गते महोत्तरीका पत्रकार दिवाकर साहमाथि जलेश्वरस्थित पूर्वाधार विकास कार्यालयमा दुर्व्यवहार गरिएको छ । उक्त कार्यालयमा 'अनुचित गतिविधि भइरहेको' आशंकामा समाचार संकलन गर्न गएका एचटिपी खबरका सञ्चालक साहमाथि केही व्यक्तिबाट दुर्व्यवहार भएको महासंघ महोत्तरी शाखाले जानकारी गराएको छ ।
- मिति २०८२ असार २१ गते सामाजिक सञ्जाल फेसबुकमा लेखेको स्ट्यासलाई लिएर रामेछापका पत्रकार शम्बरबहादुर हायु (प्रशान्त) लाई मन्थली माध्यामिक विद्यालय रामेछापमा कार्यरत शिक्षक ऋषि कार्कीले दुर्व्यवहार गरेका छन् । कुनै व्यक्तिको नाम तथा चरित्र नखुलाई लेखेको स्ट्याटसको निहुँमा पत्रकार हायु कार्यरत रेडियो तफदीको कार्यालयमा प्रवेश गरेर कार्कीले दुर्व्यबहार गरेको महासंघ रामेछाप शाखाले जनाएको छ ।
- २०८२ असार २३ गते चलचित्र पत्रकार संघको कार्यक्रममा भाग लिने क्रममा तालिममा पुगेका पत्रकारमाथि स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले गालीगलौज र दुर्व्यवहार गरेका छन् । महासंघ पर्सा शाखाका अनुसार कार्यालयको एक तालिम सञ्चालन भइरहेको स्थानमा शाखा कार्यसमिति सदस्य आरोहणकुमार

साहसहित राजु बैठा, राकेशकुमार साह, सन्तोषकुमार कुशवाह, अर्जुन चौधरी, आनन्दकुमार पटेललगायतमाथि दुर्व्यवहार भएको हो ।

- २०८२ असार २० गते इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलले स्थानीय पत्रकारितालाई बदनाम गर्ने कुत्सित मनसायले सामाजिक सञ्जालबाट धम्कीपूर्ण अभिव्यक्ति दिएका छन् । नगर प्रमुखले 'समाचार प्रकाशित हुने विषय सचिवालयमा अघिल्लो दिन नै जानकारी हुने र दानापानी नझरेपछि लाज छोप्न प्रकाशन/प्रसारण हुने' भनी इटहरीको पत्रकारिता क्षेत्रलाई बदनाम र अपमानित हुनेगरी लेखेको महासंघ सुनसरी शाखाले जनाएको छ ।
- २०८२ असार १८ गते नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादवविरुद्ध स्थानीय राजनीतिज्ञ राजकुमार साहले सामाजिक सञ्जालमार्फत दुर्व्यवहार गरेका छन् । यादवले सार्वजनिक गरको भिडियो सामग्रीलाई लिएर साहले अशिष्ट भाषा प्रयोग गरी गालीगलौजसहित टीकाटिप्पणी गरेको महासंघ मधेस प्रदेश समितिको भनाई छ ।
- २०८२ असार ११ गते कान्तिपुर दैनिकका डोटी संवाददाता मोहन पनेरुलाई कजेडीएमआर विल्डर्स प्रा.लि. का सञ्चालक रविप्रकाश सिंहले फोनबाट गालीगलौज गर्दै धम्की दिएका छन् । कान्तिपुरको अनलाइन संस्करणमा प्रकाशित 'काम छाडेर ठेकेदार फरार' शीर्षक समाचारको विषयमा पनेरुलाई धम्की आएको महासंघको डोटी शाखाको भनाइ छ ।
- २०८२ असार ३ गते तनहुँ प्रेस अनलाइनका कार्यकारी सम्पादक विकास खनाललाई तनहुँ ऋषिङ गाउँपालिकाबाट समाचार संकलन गरेर फर्कने क्रममा बिनाकारण स्थानीय विवेक श्रेष्ठले सामाजिक सञ्जालबाट धम्की दिएका थिए । जिल्लाका महत्वपूर्ण पदमा रहेका जनप्रतिनिधिसमेतले पत्रकारलाई अमर्यादित र अपशब्द प्रयोग गरी सामाजिक सञ्जालमा लेखिएको शाखाको भनाइ छ ।
- २०८२ असार २ गते नजर अनलाइनका सम्पादक झलक पालीमाथि दुर्व्यवहार गरिएको छ । प्रहरीले सिर्जना गरेको 'प्रहरीसँग पत्रकार' नामको म्यासेन्जर ग्रुपमा २०८२ जेठ १४ गते डोटीको जोरायल गाउपालिका-१ का दीपक खड्काको मृत्युबारे जानकारी प्राप्त भएपछि सोही आधारमा पालीले समाचार प्रकाशन गरेपछि यो स्थिति आएको महासंघ सुदूरपश्चिम प्रदेश समितिले जनाएको छ ।
- २०८२ जेठ २२ गते नेपाल बारका पूर्वअध्यक्ष वरिष्ठ अधिवक्ता शम्भु थापाले फोटो पत्रकार उमेश कार्कीको क्यामेरा हातले पन्छाएर फोटो खिच्न दुर्व्यवहार गरेका थिए । राजनीतिक विषयमा प्रश्न गर्न लाग्दा भिडियो खिच्ने क्रममा नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीको कार्यालय परिसरमा कार्कीमाथि थापाले यस्तो हर्कत गरेको महासंघ एसोसिएट प्रदेश समितिले जनाएको छ ।
- २०८२ जेठ १२ गते सिरहा नगरपालिकाका प्रमुख डा.नविनकुमार यादवले पत्रकारलक्षित धम्कीपूर्ण अभिव्यक्ति दिएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नगरपालिकामा गरेको छानबिनको समाचार संप्रेषण भएपछि 'कुन हैसियतमा समाचार लेखेको, पत्रकारलाई यसै छाडदिन' भनेर यादव सामाजिक सञ्जालमार्फत पत्रकारविरुद्ध धम्की दिएको महासंघ सिरहा शाखाले जनाएको छ ।
- २०८२ जेठ ६ गते प्रसारित भिडियो सामग्रीलाई लिएर क्यामेरा पर्सन राजु बैठालाई स्थानीय टइट यादवसहितको समुहले गालीगलौज गरी धम्की दिएका छन् । वीरगञ्ज सिटी डटकममा बाराको 'विश्रामपुर गाउँपालिकामा मिलोमतोमा अनियमितता, एकातर्फ तटबन्धन निर्माण अर्कोतर्फ ५/५ फिट माटो खनेर विक्री' सम्बन्धी सामग्री प्रसारण भएकोप्रति उक्त समुहले धम्की दिएको महासंघ पर्सा शाखाले जनाएको छ ।
- २०८२ जेठ ४ गते समाचार संकलनका लागि धनुषास्थित मुखियापट्टी मुसहरियाँ गाउँपालिकाको कार्यालयमा पुगेका कान्तिपुर टेलिभिजनका अमरकान्त ठाकुर र मुलुक टाइम्स मासिकका बद्रीनाथ झालाई अध्यक्ष जयकुमार यादवले अनुमतिबिना कार्यकक्षमा प्रवेश गरेको भन्दै दुर्व्यवहार गरेका छन् । स्थानीय जनप्रतिनिधिसँगै कार्यालय

पुगेका पत्रकारमाथि गाउँपालिकाका अध्यक्षबाट यस प्रकारको व्यवहार भएको महासंघ मधेस प्रदेश समितिले जनाएको छ ।

- २०८२ बैशाख ३० गते समाचार संकलनमा संलग्न रहेकै बेला हिमालय टेलिभिजनका पत्रकार सुरेश रायलाई सिरहा प्रहरी कार्यालयका प्रहरी निरीक्षक राज यादवले दुर्व्यवहार गरेका छन् । सिरहाको गोलबजार नगरपालिका-४ स्थित वर्धमान अस्पतालमा सुत्केरी महिलाको मृत्युबारे समाचार संकलन गर्न पुगेका रायलाई यादवले हेलमेट राम्ररी नलगाएको भन्दै दुर्व्यवहार गरेको महासंघ मधेस प्रेदश समितिले जनाएको छ ।

- २०८२ बैशाख २८ गते नवलपरासीस्थित सुनवल नगरपालिकाका प्रमुख विमला अर्यालले सामाजिक सञ्जालमार्फत पत्रकारिता क्षेत्रलाई बदनाम गर्ने अभिप्रायले अभिव्यक्ति दिएकी छिन । 'उपियाँको खोज अनुसन्धानमा पिएचडी गरेका विद्वान्लाई गाईको बारेमा लेख लेख्न दिइएको' भन्ने आफ्नो स्ट्याटसमा आएको आलोचनात्मक टिप्पणीलाई लिएर प्रमुख अर्यालले 'सत्य-तथ्य विषय ल्याउने उत्कृष्ट पत्रकारलाई यत्रो आरोप, अरु सत्य-तथ्य नबुझी लेख्ने झोलेहरू कुनै प्रश्न छैन किन ?' भन्दै पत्रकारलाई दुर्व्यवहारपूर्ण अभिव्यक्ति दिएको महासंघ नवलपरासी (व.सु.प.) शाखाले जनाएको छ ।
- २०८२ भदौ २४ गते कैलालीको धनगढीस्थित सिटिभिटी चोकमा आन्दोलनकारीले पत्रकार दिपेन्द्र भट्टलाई दुर्व्यवहार गर्नुका साथै मोटरसाइकलमा आगजनी गरिएको गरेको महासंघ कैलाली शाखाले जनाएको छ ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा सर्लाहीस्थित मलंगवामा रहेको वंशल प्रहरी बिटमा भएको आगजनीको समाचार संकलनमा पुगेका मेरो शान टिभीका पत्रकार राजीव साहमाथि दुर्व्यवहार गरिएको थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नेपाल पत्रकार महासंघ काभ्रेपलान्चोक शाखाका पूर्व अध्यक्ष मोतिराम तिमिल्सिनाको घर अगाडि बम राखेर त्रसित बनाउन खोजिएको महासंघ काभ्रेपलाञ्चोक शाखाले जनाएको छ ।

**२. कब्जा /अवरोध :**

- २०८३ बैशाख १६ गते काठमाडौंका विभिन्न स्थानबाट विस्थापित सुकुमवासीहरूलाई राखिएको होल्डिङ सेन्टरमा समाचार संकलनका लागि पुगेका कान्तिपुर दैनिकका पत्रकार दया दुदराजलगायतका पत्रकारलाई महानगर प्रहरीले अवरोध गर्दै दुर्व्यवहार गरेको छ । उक्त दिन कीर्तिपुरको राधास्वामी सत्संघ केन्द्रस्थित सेन्टरमा राखिएका सुकुमवासीहरूको अवस्थाको फोटो खिच्दा नगर प्रहरीले यहाँ फोटो किन खिचेको भन्दै पाखुरामा समातेर बाहिर निकाल्दै समाचार संकलनमा अवरोध महासंघलाइ जानकारी दिनुभएको छ ।

- २०८३ बैशाख १४ गते समाचारसँग सम्बन्धित विषय प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारलाई बेवास्ता गर्दै जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले पत्रकार बासुदेव धामी (विमल) लाई साइबर अपराधसम्बन्धी मुद्दा लगाएर पक्राउ पुर्जी जारी गरिएको छ । धामीले सञ्चालन गरेको पश्चिम समाचार दैनिक अनलाइनमा प्रकाशित समाचारको विषयमा कञ्चनपुरको बेलडाँडी गाउँपालिका उपाध्यक्ष शान्ति नाथले दिएको उजुरीका आधारमा विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरेको महासंघ कञ्चनपुर शाखाले जनाएको छ ।
- २०८२ चैत २४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराका प्रमुख/सहसचिव नारायणप्रसाद रेग्मीले सार्वजनिक कार्यक्रममा पत्रकारलाई भिडियो खिच्न रोक लगाएको छ । तनहुँको व्यास नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा रेग्मीले बोलेको तस्वीर र भिडियो खिच्न रोकिएको महासंघ तनहुँ शाखाले जनाएको छ ।

- २०८२ फागुन ६ गते समाचार संकलनमा रोक लगाउदै राष्ट्रिय स्वतन्त्रता पार्टीका कार्यकर्ताले पत्रकारलाई दुर्व्यवहार गरेको छ। कैलालीको धनगढीमा आयोजित चुनावी सभामा पुगेका पत्रकारलाई उक्त पार्टीको पासबिना जान नमिल्ने भन्दै कार्यकर्ताबाट धकेल्ने कामसमेत भएको महासंघको सुदूरपश्चिम प्रदेश समितिले जनाएको छ।
- २०८२ माघ १८ गते फोटो खिचेको निहुँमा नयाँ पत्रिका दैनिकका सौरभ यादवलाई प्रहरी हवल्दार देवेन्द्र यादवले दुर्व्यवहार गरेका छन । सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित राजविराज भन्सार कार्यालय अगाडि प्रहरीले एक व्यापारीसँग रकम लिँदै गरेको फोटो खिच्दा प्रहरीले पत्रकार यादवलाई १५ मिनेट नियन्त्रणमा समेत लिएको महासंघको मधेस प्रदेश समितिले जनाएको छ।
- २०८२  पुस १७ गते पत्रकार समीर जोशी र क्यामेरा पर्सन अमृत भट्टलाई समाचार संकलनका लागि काठमाडौंको थापाथलीस्थित द ब्रिटिस कलेजमा पुगेको बेला दुर्व्यवहार गर्नुका साथै समाचार संकलनमा अवरोध गरिएको छ । चर्को शुल्क लिएर विद्यार्थीलाई कामदारको रुपमा दुबई पठाएको विषयमा समाचार संकलनका लागि पुगेका नेपाल लिड डटकमका पत्रकारलाई सुरक्षा गार्डले घेरा हाली कलेज परिसरबाट निस्किन नदिइ सञ्चारकर्ममा अवरोध गरेको महासंघ स्वतन्त्र समाचार सेवा शाखाले जनाएको छ।
- २०८२ मंसिर २७ गते सञ्चारकर्ममा जुटिरहेको अवस्थामा पत्रकार हेमराज भट्टलाई प्रहरी वृत्त कीर्तिपुरका प्रहरीले गरेको दुर्व्यवहार गर्नुका साथै समाचार संकलनमा अवरोध गरिएको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय बाहिर भइरहेको आन्दोलनको समाचार संकलनका क्रममा 'किन भिडियो खिचिस' भन्दै प्रहरीले आफूलाई यस्तो व्यवहार गरेको भट्टले महासंघमा जानकारी गराएका छन्।
- २०८२ भदौ १० गते जाजरकोटका पत्रकार बालकुमार शर्मालाई प्रहरीले दुर्व्यवहार गर्दै समाचार संकलनमा अवरोध गरेको छ । जाजरकोटको भेरी नगरपालिका, ४ मा आयोजित हरितालिका तिज कार्यक्रमको मञ्च पछाडि बोलाई प्रहरी निरीक्षक सन्तोष चन्दसंग आएका एक प्रहरी कर्मचारीले पत्रकार शर्माको मोबाइल खोसेर भिडियो तथा तस्विर मेटाइदिएको महासंघ जाजरकोट शाखाले जनाएको छ।

- २०८२ भदौ ३ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अस्वभाविक तरिकाले आर्थिक दैनिक पत्रिकामा प्रकाशित समाचारको स्रोत मागेको छ। महासंघ काठमाडौं शाखाका अनुसार साउन ११ गते "सामान्य प्रशासन मन्त्री गुप्ता लाखौंको घुष लिने काममा संलग्न भएको भन्दै अख्तियारमा उजुरी" शिर्षकको समाचारसँग सम्बन्धित अडियो र यही साउन १८ गते प्रकाशित "७० लाख घुष काण्डमा मुछिएका मालपोत प्रमुख पौडेललाई मन्त्री अधिकारी र सचिवको संरक्षण" भन्ने समाचारको स्रोत उपलब्ध गराउन आयोगले उक्त पत्रिकाको प्रकाशन संस्थालाई पत्राचार गरेको छ।
- २०८२ असार २६ गते वैदेशिक रोजगार व्यवसायी समाजका प्रथम उपाध्यक्ष अख्तर हुसेनले मूलपत्र डटकमका समाचार संयोजक रमेश भारतीलाई प्रकाशित समाचार हटाउन धम्की दिएका छन् । अनलाइनमा 'संघका अध्यक्ष गुरुङ नै मानव तस्करीमा, बुल्गेरिया पठाउँछु भन्दै २ युवतीसँग साढे २९ लाख ठगी' शीर्षकमा समाचार प्रकाशित भएको थियो । सोही निहुँमा भारतीलाई धम्की दिनुका साथै अनलाइनविरुद्ध फेसबुक पेज रिपोर्ट र सामाजिक वहिष्कारको अभियान चलाएको महासंघ उपत्यका प्रदेश समितिले जनाएको छ।
- २०८२ असार ११ गते प्रकाशित समाचारको विषयलाई लिएर दृष्टि साप्ताहिक र दृष्टिन्यूज डटकमका प्रकाशक शम्भु श्रेष्ठ, सम्पादक एमपी सुब्बलाइ विशेष अदालतले समाचार हटाएर बयानका लागि बोलाएको थियो । 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा ३ महिनामै सफाइ' शीर्षकमा समाचार प्रकाशित भएको थियो । उक्त समाचारलाई लिएर कर्मचारीबाट परेको अवहेलना मुद्दाका आधारमा अदालतले प्रतिवेदन बनाएर विशेष इजलासबाट पत्रकारविरुद्ध फौजदारी अभियोग चलाएको थियो।
- २०८२ असार ६ गते मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले पत्रकारलाई फोटो र भिडियो खिँच्न रोक लगाएकी थिइन । नेपाली काँग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले श्रेष्ठलाई ज्ञापनपत्र बुझाउने निर्धारित

कार्यक्रमको समाचार संकलनका लागि पुगेका शाखा उपाध्यक्ष भावना रिजाल, सदस्य गणेश दुलाल र मनिल महतोलगायतलाई रोक लगाइएको शाखाले जनाएको छ ।

- २०८२ असार ५ गते गुल्मीबाट सञ्चालित बी टेलिभिजन र रेडियो नेपालमा कार्यरत सूर्य सुनारलाई भिडियो खिँच्ने क्रममा मुसिकोट नगरपालिका वडा नम्बर १ र २ का वडाअध्यक्ष क्रमशः आनन्द श्रेष्ठ, रविन्द्र के.सी., वडा नं. ३ का सदस्य थम्मनबहादुर जिसीले दुर्व्यवहार गर्नुका साथै समाचार संकलनमा अवरोध गरेका थिए । सो क्रममा प्रहरी हवल्दार अशोक धवल, नगर प्रहरी रिता माझी र गोपाल रानाले शाखा कार्यसमिति सदस्यसमेत रहेका सुनारले खिँचेको भिडियो हटाउन लगाएको महासंघ गुल्मी शाखाले जनाएको छ ।
- २०८२ जेठ ३० गते चितवनस्थित भरतपुर महानगरपालिका-७ मा रहेको लाल्सा रेष्टुरेन्टमा आयोजित पत्रकार सम्मेलनमा सहभागी पत्रकारमाथि आक्रमण प्रयास गर्नुका साथै समाचार संकलनमा अवरोध गरिएको छ । बेस्ट ब्रेन एजुकेशन भिजा सर्भिसेजले बेलायत लाने आश्वासन दिए पनि नलगेको भन्दै पीडित व्यक्तिहरुले शुक्रबार पत्रकार सम्मेलन गरेका थिए । सोही सम्मेलनमा स्थानीय कमला सापकोटा, सागर खरेल र काभ्रेका सविन थापालगायतका व्यक्ति प्रवेश गरी क्यामेरा धकेल्ने, फोटो/भिडियो मेटाउन दबाब दिएको र कुटपिट समेत गरेको महासंघ चितवन शाखाले जनाएको छ ।
- २०८२ जेठ २८ गते जिल्ला अदालत काठमाडौँले नेपालखबर डटकम र बिजमान्डु डटकम अनलाइनमा प्रकाशित समाचारका विषयमा गरेको अल्पकालीन अन्तरिम आदेशका जारी गरेको छ । न्यायाधीश पीताम्बर शर्माको एकल इजलासले मंगलबार नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठले दर्ता गरेको रिट निवेदनउपर सुनुवाइ गर्दै निवेदकलाई अपूरणीय क्षति र सुविधा सन्तुलनसमेतको दृष्टिकोणबाट विपक्षीहरूलाई आफ्नो वेबसाइट, अनलाइन वा अन्य माध्यमबाट अप्रमाणित, तथ्यहीन समाचारहरू प्रकाशन, प्रसारण नगर्नु, नगराउनु, प्रकाशित भएका समाचारहरू अनलाइनबाट तुरुन्त हटाउनु, हटाउन लगाउनु,' भनी न्यायाधीश शर्माले अल्पकालीन अन्तरिम आदेश दिएको थिए ।
- २०८२ जेठ १९ गते समाचार प्रकाशनमा प्रतिवन्ध लगाउने गरी दियोपोष्ट डटकमलाई प्रेस काउन्सिल नेपालले उक्त अनलाइनलाई पत्राचार गरेको छ । पत्रकारिताको सिद्धान्त विपरित समाचार प्रकाशन भएको पाइएमा खण्डन छाप्न लगाउनेलगायतका पत्रकार आचारसंहिताको प्रावधान पालना गराउने काउन्सिलको दायित्व हो । तर पत्रमा पोष्ट डिलिट गर्न नपाइने आचारसंहिताको प्रावधान विपरित प्रकाशित सामग्री मेटाउन निर्देशन दिइएको थियो ।
- २०८२ जेन्जी आन्दोलनका क्रममा बाँकेको कोहलपुरमा समाचार संकलनका क्रममा सम्वेगन्यूज डटकमका पत्रकार निरज निश्चललाई अन्दोलनकारीले हातपात र क्यामरा खोसेर जलाएको । उनले भागेर कोहलपुर नगरपालिकाको भवनमा आश्रय लिइरहेको अवस्थामा सोही भवनमा आगजनी गरेपछि भवनको पछाडिपट्टिको छतबाट हामफालेर बाच्न सफल ।
- २०८२ भदौ २४ गते भक्तपुमा नागरिक दैनिकका पत्रकार कृष्ण केसीले खिचेको भिडियो तथा फोटो खिचिरहेको अवथामा सुरक्षाकर्मीले दुर्व्यवहार गर्दै डिलिट गर्न लगाएको थियो ।
- २०८२ भदौ २४ गते पत्रकार महासंघ भक्तपुर कार्यसमिति सदस्य केशव तिमिल्सिनालाई जिल्ला प्रशासन कार्यालयमा भएको विरोध प्रदर्शनको रिपोर्टिङका क्रममा फोटो तथा भिडियो खिच्न नदिएर समाचार संकलनमा अवरोध गरिएको थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा चितवतस्थित सफल खबर डटकम र चुरे सन्देशको कार्यालयमा लुटपाट र आगजनी गर्नुका साथै आगजनी गरेको छन् ।
- २०८२ भदौ २४ जेनजी आन्दोलनका क्रममा चितवनस्थित कालिका एफएममा आन्दोलनकारी प्रवेश गरी कार्यलयमा तोडफोड, लुटपाट र सञ्चार सामग्रीमा आगजनी गरिएको छ ।
- २०८२ भदौ २४ गते थापाथलीस्थित कान्तिपुर मिडिया समुह र तीनकुनेस्थित कान्तिपुर टेलिभिजनको कार्यालय भवन तोडफोड, आगजनी तथा लुटपाट गरिएको छ । अराजक भिट कार्यलयमा प्रवेश गरी सञ्चारकर्ममा

खटिएका पत्रकार तथा सञ्चारकर्मीहरुलाइ त्रसित बनाउने कार्य गरिएको छ । आगजनीबाट कार्यलयमा रहेको अभिलख सञ्चारमाग्री सहित त्यहा कार्यरत ३८ जना सञ्चारकर्मीको सवारीसाधन पूर्णरुपमा जलेर नस्ट भएको विवरण महासंघलाई प्राप्त भएको छ ।

- २०८२ भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा तीनकुनेस्थित अन्नपूर्ण पोष्टको कार्यालय भवनमा तोडफोड र आगजनी गरिएको छ । तोडफोडबाट तथा आगजनीबाट कार्यलयमा क्षेति पुगेको थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा बुटवलमा रहेको रेडियो जागरणको भवन तोडफोड गरिएको थियो ।
- २०८२ भदौं २३ गते भएको जेनजी आन्दोलनका क्रममा सिंहदरबारस्थित सार्वजनिक प्रसारण सेवाको कार्यालय तोडफोड तथा लुटपाट गरिएको थियो ।
- २०८२ भदौ २३ र २४ गत भएको जेनजी आन्दोलनका क्रममा हिंसा भड्किदा आक्रोशित भएका आन्दोलनकारीले नयाँ बानेश्वरस्थित थाहा खबरको कार्यालयमा ढुंगा प्रहार गर्नुका साथै आगजनी तोडफोड तथा लुटपाट समेत गरिएको थियो ।

**३. आक्रमण :**

- २०८२  वैशाख १२ गते काठमाडौं उपत्यकाको मनोहरामा रहेको सुकुमवासी बस्तीको रिपोर्टिङको क्रममा पुगेका अनलाइनखबरकर्मी कमल प्रसाईंमाथि आक्रमण भएको छ । साँझ करिब ७ बजे  उनीमाथि स्थानीय बस्तीबासीहरूले आक्रमण गरेका हुन् । उनको नाकमा चोट लागेको छ भने क्यामेराको मेमोरी कार्ड खोसेर लगेको महासंघलाई जानकारी प्राप्त भएको छ ।
- २०८२ चैत १४ तत्कालीन प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरेको विरोधमा भएको प्रदर्शनको समाचार संकलनमा खटिएका सञ्चारकर्मीमाथि कुटपिट गरिएको  छ। एमाले पार्टी कार्यालय च्यासलमा समाचार संकलनमा खटिएका महासंघ उपत्यका प्रदेश समितिका महासचिव आशिष गुरागाईलाई उत्तेजित एमाले कार्यकर्ताले आक्रमण गरेको महासंघ काठमाडौं शाखाले जनाएको छ ।
- २०८२ चैत ११ गते सडक विभागले काटेको रुख ढलेर पत्रकार प्रेमनाथ पौडेल र उनका दाजु घाइते हुनुभएको छ । सर्लाहीबाट महोत्तरीको बर्दिवासतर्फ जाने क्रममा उहाँहरु सवार मोटरसाइकलमाथि रुख ढलेर च्यापिदा पौडेलको कुहिनामा गहिरो चोट लागेको र दाहिने खुट्टाको हड्डी भाचिएको महासंघ सर्लाही शाखाले जनाएको छ । घटनाको प्रकृति हेदाँ रुख काट्दा सडक विभाग, विभागका कर्मचारी र कामदारले सडकमा गुड्ने सवारी साधनलाई ध्यान नदिइ लापरवाही गर्दा यस्तो घटना घटेको शाखाको भनाइ छ ।
- २०८२ चैत १ गते  इलाम नगरपालिका-७ सुनगाभा चोकस्थित रेडियो नेपालवाणी एफएम रहेको भवनको मूल ढोका फोड्ने प्रयास गरिएको छ । राति १०:१५ को समयमा अपरिचित दुई व्यक्तिले ढोकामा हिर्काएको र कर्मचारी कराएपछि भागेको महासंघ इलाम शाखाले जनाएको छ ।
- २०८२ फागुन १६ पत्रकार सुदिप थापालाई धनगढी उपमहानगरपालिका-३ मित्रनगरमा स्थानीय हिमांशु बोहरासहितका व्यक्तिले कुटपिट गरेका छन । शनिबार राति कार्यालयबाट घर फर्कने क्रममा कुटपिट हुँदा थापाको आँखा र टाउकोमा चोट लागेको महासंघ कैलाली शाखाले जनाएको छ ।
- २०८२ फागुन १४ गते सञ्चारकर्ममा जुटिरहेका पत्रकार अर्जुन आचार्यलाई एमाले निकट युथ भोलेन्टियर्स फोर्सका व्यक्तिहरूले आक्रमण गरिएको छ । निर्वाचनसम्बन्धी समाचार संकलन गर्ने क्रममा झापाको कमला गाउँपालिकामा आक्रमण हुँदा आचार्य घाइते भएको महासंघ मोरङ शाखाले जनाएको छ ।

- २०८२ माघ २९ गते पत्रकार मोतिराम तिमल्सिना र लक्ष्मण तिमल्सिनाको निवासमा तोडफोड भएको छ । राति २:०० बजेको समयमा तिमल्सिनाद्वयको बनेपा नगरपालिका-९ स्थित निवासमा तोडफोड भएको महासंघ काभ्रेपलाञ्चोक शाखाले जनाएको छ ।
- २०८२ मंसिर २२ गते केञ्जो खबर डटकमका पत्रकार बिष्णुप्रसाद अधिकारी र उनका परिवारका सदस्यहरूलाई हुलहुज्जत तथा कुटपीट गरिएको छ। फिदिम नगरपालिका वडा नं. ११ स्थित आफ्नै जमिनमा संरचना निर्माण गरिरहेको बेला माटो व्यवस्थापनको विषयमा अनावश्यक विवाद निकालेर शाखा सदस्य रहेका अधिकारी र उनका परिवारका ३ जना सदस्यमाथि मादक पदार्थ सेवन गरेको एक समुहबाट आक्रमण भएको महासंघ पाँचथर शाखाले जनाएको छ ।
- २०८२ कार्तिक १७ गते धनुषका पत्रकार राजेशकुमार कर्णमाथि आक्रमण भएको छ । जनकपुर उपमहानगरपालिका ४ स्थित आफ्नो घर नजिकै हिँडिरहेको अवस्थामा दिपक राय भन्ने व्यक्तिले महासंघका केन्द्रीय सदस्य कर्णमाथि आक्रमण गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ ।
- २०८२ कार्तिक १३ गते पत्रकार गणेश पाण्डेको लमजुङस्थित घरमा तोडफोड गरिएको छ । बेसीशहर नगरपालिका ८ स्थित पाण्डेको घरमा राति सुनियोजित रूपमा ढुंगा प्रहार गरी क्षति पुऱ्याईएको महासंघ लमजुङ शाखाले जनाएको छ ।
- २०८२ भदौ १ गते नेपाल प्रेस युनियन डोटी शाखाको कार्यालय तोडफोड गरिएको छ। दिपायलस्थित पिपल्लामा रहेको युनियन कार्यालयको मूलढोका फुटाएर सामान चोरी भएको महासंघ डोटी शाखाले जनाएको छ ।
- २०८२ साउन ३० गते सप्तरीमा पत्रकार सौरभ यादवको हत्या गर्ने कुत्सित मनसायले छुरा प्रहार भएको छ । नयाँ पत्रिका दैनिकका संवाददाता यादवमाथि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेट नजिकै मोटरसाइकलमा आएका केही व्यक्तिले छुरा प्रहार गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ। शरीरका विभिन्न भागमा गहिरो चोट लागेका उनको हाल अस्पतालमा उपचार भइरहेको छ। महासंघ यादवको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।
- २०८२ साउन २७ गते धुनषास्थित नेपाल पत्रकार महासंघ मधेस प्रदेश समितिको कार्यालय भवन निर्माणस्थल जनकपुरधाम उपमहानगरपालिका, श्रीराम मन्दिर गुठीको जग्गामा महासंघ प्रदेश समितिले जग्गा संरक्षण गर्न तारले घेराबार गरिरहेका बेला आफ्नो हक लाग्ने भन्दै नेपाल बार एशोसिएसन धनुषाका जिल्ला अध्यक्ष विमल मिश्र नेतृत्वको एक समुहले महासंघ प्रदेश अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र क्रान्ति, पत्रकार दिवाकर साह, विनिता यादव लगायतलाई आक्रमण समेत गरेको छ । कुटपिटबाट मधेश प्रदेशका महासचिव क्रान्तिको खुट्टा भाँच्चिएको छ भने पत्रकार साहको टाउकोमा गम्भीर चोट लागेको थियो ।

- २०८२ साउन २१ गते समाचार संकलनार्थ खटिएका एभिन्युज टेलिभिजन संवाददाता वैद्यनाथ यादवमाथि आक्रमण गरिएको छ । उक्त दिन प्रहरीले चलाएको गोली लागेर सप्तरीको राजगढ गाउँपालिका, कमलपुरका ३७ वर्षीय लालु यादवको मृत्यु पछि भएको विरोध प्रदर्शनको समाचार संकलन गर्ने क्रममा केही व्यक्तिले यादवमाथि आक्रमण गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ ।
- २०८२ साउन ८ गते पत्रकार राजकुमार यादवलाई विवेक साहलगायतका व्यक्तिले आक्रमण गरी घाइते बनाएका छन् । समाचार संकलनमा खटिएका बेला विवेकसहित रन्जित साह र अन्तिज साह तथा अन्तिजका छोरासहितले कुटपिट गर्दा यादव घाइते भएको महासंघको एसोसिएट प्रदेश समितिले जनाएको छ ।
- २०८२ जेठ ३० गते रौतहटस्थित कटहरिया म्यूजिकल एफएमका सञ्चारकर्मी रविन्द्र प्रजापति र सागर संगम ठाकुरमाथि कटहरिया नगरपालिकाका प्रमुख अजय प्रकाश जयसवालको नेतृत्वको समुहले कुटपिट गरेका छन् । खानेपानीसम्बन्धी समाचार प्रसारण भएपछि रेडियोको सञ्चारकर्मीद्वयलाई बोलाएर घर भित्र थुनेर जयसवालले यस किसिमको हर्कत गरेको महासंघ रौतहट शाखाले जनाएको छ ।

- २०८२ बैशाख २५ गते समाचार संकलनका क्रममा पत्रकार अंगराज परियार र प्रज्वल चुनारालाई प्रहरी सहायक निरिक्षक (असई) एन.वी राना नेतृत्वको प्रहरी टोलीले कुटपिट गरेका छन् । सुर्खेतस्थित उच्च अदालतको गेटमा दिइएको धर्नाको समाचार संकलन गर्ने क्रममा जनचासो दैनिकका परियार र खुलानजर डटकमका चुनाराको क्यामरामा खिँचिएको भिडियो र फोटा रानाको नेतृत्वमा रहेको प्रहरी टोलीले मेटाएको महासंघ कर्णाली प्रदेश समितिले जनाएको छ ।
- **२०८२** भदौ २४ गते महाराजगंज चोकमा समाचार संकलनाका क्रममा प्राइम टेलिभिजनको भ्यानमा प्रदर्शनकारीले आगजनी गरिएको गरेका छन् ।
- २०८२ भदौ २४ गते महासंघ हिमालय टाइम्स शाखा सदस्य सन्तोष अर्यालको कार सिंहदरबारमा पार्किङ गरिराखेको अवस्थामा आगजनी गरिएको छ । आगजनीबाट कार पूर्णरुपमा जलेर नस्ट भएको पत्रकार अर्यालले महासंघलाई जानकारी दिनुभयो ।
- २०८२ भदौ २४ गते बारामा समाचार संकलनका क्रममा खटिएका एपीखबर डटकमका सम्पादक अनिल कुमार तिवारीमाथि आक्रमण गर्नुका साथै ल्यापटक तोडफोड गरिएको महासंघ बाराले जनाएको छ ।
- २०८२ भदौ २४ गते कोल्हवी डटकमका सम्पादक अशेष ढुंगानामाथि आक्रमण भएको छ । जेनजी समुहले बाराको कोल्हवीमा गरेको प्रदर्शनको समाचार संकलन गर्न पुगेका पत्रकार ढुंगानालाई आन्दोलनकारीले आक्रमण गरेको महासंघ बारा शाखाले जनाएको छ ।
- २०८२ भदौ २४ गते तराई पोस्टका पत्रकार बसन्त लामालाई एक समुहले आक्रमण गरेको छ । उक्त दिन बिहान बाराको निजगढ नगरपालिका वडा नं १ स्थित बन्सथली हाट बजार नजिकै मोटरसाइकलमा आएको एक समुहले कुटपिट गर्दा लामाको शरीरका विभिन्न भागमा चोट लागेको थियो ।
- २०८२ भदौ २४ गत भक्तपुरस्थित सूर्यविनायक चोकमा भादगाँउ टेलिभिजनका पत्रकार तुलसी कुमार त्वायनामाथि आन्दोलनकारीले भौतिक आक्रमण गरेका छन् ।
- २०८२ भदौ २४ गते निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको भक्तपुरस्थित निजी निवास बालकोटमा भएको आगजनी तथा तोडफोटको रिर्पोटिङका क्रममा पत्रकार महासंघ भकतपुर कार्यसमिति सदस्य सुदर्शन आचार्यमाथि आक्रमण गरिएको छ । आन्दोलनकारीले गाडी तोडफोड गर्दा फुटेको सिसा हातमा लागेर घाइते भएका थिए ।
- २०८२ भदौ २४ गते जेनजीको आन्दोलनका क्रममा इलामस्थित नेपालवाणी एफएम र इलाम एक्सप्रेस दैनिकको कार्यालयमा तोडफोड गरिएको छ । आन्दोलनकारीले उक्त भवनमा रहेको राजनीतिक दलको कार्यालयमा आगजनी गर्ने क्रममा सञ्चारगृहमा समेत आगजनी भएको थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा चितवनस्थित पत्रकार सन्तोष देउजाको घरमा लुटपाट र आगजनी गरिएको छ ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा महाराजगन्जमा न्युज २४ को गाडीमा आगजनी गर्नुका साथै लाइभ डिभाइस र क्यामेरा लगायतका सञ्चारसामाग्री खोसियो थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा महासंघ सप्तरी शाखाको भवनमा ढुंगामुढा गरिएको थियो ।
- २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा बबरमहलस्थित प्रेस सेन्टरको कार्यालय भवनमा आगजनी गरिएको थियो ।
- २०८२ भदौ २४ गते भ्रष्टाचार, वेथिति र सामाजिक सञ्जाल बन्दको विरोधमा जेनजी गरेको प्रदर्शनको समाचार संकलनमा खटिएका बेला प्रहरीले चलाएको गोली लागेर कान्तिपुर टेलिभिजनका श्याम श्रेष्ठ नयाँ पत्रिका दैनिकका पत्रकार दीपेन्द्र ढुंगाना, स्वतन्त्र पत्रकार शम्भु दंगाल, नेपाल प्रेस अनलाइनका पत्रकार उमेश कार्की र केन्दबिन्दु डटकमकी पत्रकार इन्दिरा नेपाल घाइते हुनुभएको थियो ।

## ४. शंकस्पद मृत्यु

- २०८२ मंसिर २० गते पत्रकार अजय गोर्खालीको रहस्यमय मृत्यु भएको छ । सार्वजनिक भएका फोटो, भिडियो तथा प्रत्यक्षदर्शीको भनाइले गोर्खालीको मृत्यु रहस्यको घेराभित्र रहेको आशंका गर्नसकिने महासंघ चितवन शाखाले जनाएको छ ।

## ५. नीतिगन बन्देज :

- २०८२ कार्तिक १६ । सरकारले छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ मा समावेश गरि कार्यान्वयनमा ल्याएको कतिपय प्रावधान स्वतन्त्र प्रेस विरोधी रहेको छ । महासंघ निम्न उल्लेखित प्रावधानप्रति असहमति र आपत्ति जनाएको छ ।

- नाम र डोमेन मिलेमा, जातजाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य दुरूत्साहन भएमा अनलाइन सञ्चारमाध्यम दर्ता नहुने भनी राखिएको स्वेच्छाचारी प्रावधान ।

- निःशुल्क दर्ता र नवीकरण हुँदै आएकामा शुल्क थोपर्ने प्रावधान ।

- अनुगमन तथा निरीक्षण स्थानीय अधिकारीले पनि गर्ने भन्ने नियन्त्रणमुखी प्रावधान ।

- दर्ता भएका अनलाइनको प्रमाणपत्र रद्ध गर्न तीनवटा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने अव्यवहारिक प्रावधान ।

- एउटै ऐन अन्तरगत दर्ता भएका पत्रपत्रिका नवीकरण गर्न नपर्ने तर अनलाइन हरेक वर्ष नवीकरण गर्न पर्ने विभेदकारी प्रावधान ।

- २०८२ चैत १९ गते सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाईसमेत जारी गरिएका छ । कोरोना कहर र जेन्जी आन्दोलनको कारण आर्थिक संकट व्यहोरिरहेका निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिव स्तरीय निर्णयले निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सर्जना भएको छ भने अर्कोतिर प्रेस सेन्सरशीपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ ।

- २०८२ भदौ १९ गते सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको छ । नेपालमा दर्ता सूचीकरण नभएका सामाजिक सञ्जाल बन्द गर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्णयले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा संकुचनमा ल्याउने र विकल्प बिना सामाजिक सञ्जाल बन्द गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा संकुचन आउनेमात्र नभई नागरिकको सूचनाको हक समेत प्रभावित हुने महासंघको ठहर छ ।

६. गीरफ्तार :

- २०८२ जेठ ५ गते पत्रकार सुजित के. सी. लाई साइबर अपराधको अभियोगमा प्रहरीले पक्राउ गरेको छ । विधुतीय कारोबार ऐन विपरित पूर्वप्रधानमन्त्रीको बारेमा प्रश्न उठाउँदै फेसबुक पेजमा लेखेको उजुरीका आधारमा राष्ट्रिय समाचार अनलाइनका सम्पादक/प्रकाशक के.सी. लाई प्रहरीले पक्राउ गरेको महासंघ एसोसिएट प्रदेश समितिले जनाएको छ ।
- २०८२ पुस १ गते प्रधानमन्त्री विरुद्ध भएको प्रदर्शनको फोटो खिचिरहेको अवस्थामा फोटो पत्रकार वर्षा शाहलाई प्रहरीले पक्राउ गरी केही समय नियन्त्रणमा लिएर छोडेको छ । उक्त दिन साँझ बालुवाटारस्थित प्रधानमन्त्री निवास अगाडि भएको विरोध प्रदर्शनमा नसोधी खिचेको भन्दै तस्बिर मेटाउन दबाब दिँदै केही घण्टा नियन्त्रणमा राखी शाहलाई छाडेको महासंघको एसोसिएट संस्था फोटो जर्नालिस्ट क्लवले जनाएको छ ।

## ७. पेशागत असुरक्षा तर्फ

- २०८२ भदौ १६ नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा सरकारी निकायमा कार्यरत सबै कर्मचारी तथा निजी, औपचारिक अनौपचारिक क्षेत्रका कर्मचारी/श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने घोषणा गरेको छ । उक्त निर्णय सरकारी तथा निजी सञ्चारमाध्यमले पूर्ण कार्यान्वयन गरेका छैनन । सरकारले २०८२ साल बैशाख १ गते देखि लागु हुनेगरि राजपत्रमा प्रकाशन गरी सबै सरकारी कार्यालय तथा नीजि रोजगारदाता कम्पनीलाई लागू गर्ने भनिएको थियो ।
- २०८२ कार्त्तिक २१ देखि माघ २३ गतेसम्म नेपाल ब्रोडकास्टिङ च्यानल लिमिटेडमाको न्यूज टेन्टीफोर दैनिकामा काम गर्दा पाउनुपर्ने सेवा सुविधा नपाएको भनी सक्षम रेग्मीको निवेदन २०८३ बैशाख २ गते महासंघमा प्राप्त ।
- हेप्ल पब्लिकेशन प्रालीद्वारा सञ्चालित स्वास्थ्य खबर पत्रिका तथा स्वास्थ्य खबर डटकममा कार्यरत दिलिप गौतमले २०७४ सालदेखि २०८२ सम्मा काम गर्दा पाउने पर्ने सेवा सुविधा नपाएको भनी महासंघमा २०८२ चैत २६ गते निवेदन प्राप्त ।
- २०८२ असोज १ गते अक्सफोर्ड मिडिया प्रालिद्वारा सञ्चालित महेन्द्रनगर पोष्टमा काम गर्दा तलब नपाएको भनी जनाको निवेदन प्राप्त , निवेदकहरु टेकसिंश धामी , सरु श्रेष्ठ , आशिष मल्ल, शेरबहादुर भण्डारीर तेज बोहराको संयुक्त निवेदन प्राप्त भएको ।
- २०८२ मंसिर २ गते रिपब्लिक मिडिया प्रालिमा लामोसमय काम गरेर पनि नियामित पारिश्रमिक तथा सेवा सुविधान नपाएको भनि १७ जना पत्रकार कर्मचारीको निवेदन प्राप्त भएको । १५ जना पुरुष , २ जना महिला ।
- २०८२ मंसिर २ गते निशा सिग्देलले क्राइम नेपाल डटकममा २०८१ असार १ गतेदेखि माघसम्म कामगर्दा पाउनुपर्ने तलब नपाएको भनि महासंघमा निवेदन प्राप्त भएको छ ।
- २०८२ असोज २८ गते इश्वर थापा र प्रकाश पाक्साँवाले सुनसरीको धरानबाट सञ्चालित कृति टेलिभिजनमा लामो समय संवाददाताका रुपमा विगत चारवर्ष काम गर्दा गएको दसैमा समेत पारिश्रमिक नपाएको भनि महासंघमा निवेदन प्राप्त ।

- २०८२ असोज २७ गते एभिन्युज टेलिभिजन मकवानपुर संवाददाता प्रमोद कुमार सहनीले आफु कार्यरत रहदाँ विगत एकवर्षदेखिको पारिश्रमिक नपाएको भनि पहलका लागि महासंघ मकवानपुर शाखामा निवेदन अनुसार उक्त शाखालेले सहजिकरण गर्न महासंघ केन्द्रमा निवदेशन प्राप्त भएको ।
- नेपाल रिपब्लिक मिडियाका कार्यरत सफलता भण्डारीले नियमित सेवा सुविधा नपाएको भनि महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ असोज २२ गते रविन्द्र श्रेष्ठ, सुमन कुमर सिग्देलले ग्यालेक्सी मिडिया ग्रुप प्रालिद्वारा संचालित स्पेश फोर के टेलिभिजनमा काम गर्दा पाउनुपर्ने पारिश्रमिक नपाएको भनि महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ असोज १० गते युनिभर्सल टेलिभिजनका कार्यरत हुदाँ मायालु लामाले पारिश्रमिक नपाएको र विरामी हुदाँ समेत पारिश्रमिक नदिएर सेवाबाट निकारिको भन्दै सहजिकरणका लागि निवेदन प्राप्त भएको ।
- २०८२ असोज ९ गते कान्तिपुर पब्लिकेशनमा डिजाइनका रुपमा कार्यरत लक्ष्मी नारयण महर्जनलाई संस्थाले श्रम ऐन बमोजिम पाउनुपर्ने तलब तथा अन्य सुविधा नै नदिएर अवकार पत्र दिएको भन्दै सहजिकरणका लागि महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ असोज ५ गते केशव प्रसाद भट्टराइ क्लिक नेपाल डटकम, विकास खड्का खबर पोष्ट डटकम र बिमला तिवारी खबरपोष्ट डटकममा काम गर्दा पाउनुपर्ने पारिश्रमिक नपाएको भनि महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ भदौ ३० गते मौसमी कार्कीले कृति टेलिभिजन धरानमा कार्यत रहदाँ लामोसमय देखिको पारिश्रमिक नपाएको भनि महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ भदौ ४ गते महासंघमा प्राप्त निवेदन अनुसार सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालमा करार, ज्यालादारी, शिफ्टमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न निवेदन प्राप्त भएको ।
- २०८२ भदौं २२ गते शुभरत्न शाक्यले कान्तिपुर पब्लिकेशनमा डिजाइनरमा कार्यरत रहदाँ संस्थामा लामोसमय काम गर्दा श्रम ऐन अनुसार पाउनुपर्ने सेवा सुविधा नदिए अवकास पत्र दिएको भनि सहजिकरणका लागि निवेदन प्राप्त भएको ।
- २०८२ भदौ ११ गते कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड बीरगन्जमा कार्यरतलाई काठमाडौंमा सरुवा गरिएको भनि उक्त निर्णय वदर गरिदिन महासंघमा निवेदन प्राप्त भएको ।
- २०८२ साउन २७ गते विद्या राई कान्तिपुर पब्लिकेशनमा कार्यरत रही साउन महिना देखि लागू हुनेगरी राजीनामा दिएपनि पाउनुपर्ने सेवा सुविधा , कार्य अनुभव लगायत नपाएको भनि सहजिकरण गरिदिन महासंघमा निवेदन प्राप्त भएको ।










# नेपाल पत्रकार महासंघ

सञ्चारग्राम, काठमाडौं

फोन नं: ०१-५९१४७८५, ५९१४७२३

Email: fnjnepalcentral@gmail.com, web: www.fnjnepal.org